नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना (प्रहरी)

## आ.व.२०७६/०७७ को सम्पत्ती विवरण बुझाउने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) (१) एवं प्रहरी नियमावली, सशस्त्र प्रहरी नियमावली र विशेष सेवा नियमावली बमोजिम आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र अर्थात मिति २०७७ भाद्र २८ गते भित्र तोकीएको निर्धारित ढाँचामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय सर्तकता केन्द्र समेतका प्रहरी कर्मचारीहरुले आ-आफ्नो सम्पत्ति विवरण बुझाउने सम्बन्धी विस्तृत सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी यस विभागको website: dppr.gov.np.तथा विभागको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सबैको लागी जानकारीको लागि अनुरोध छ ।

**आ.व.२०७६/०७७ को सम्पत्ती विवरण**

| | |
|---|---|
| कर्मचारीको संकेत नम्बरः- | श्रेणी/तहः- |
| नाम थरः- | कार्यरत कार्यालयः- |
| पद/दर्जाः- | मोबाईल नः- |
| सेवा/समुहः- | ईमेल ठेगानाः- |

१. निम्न प्रक्रिया पुरा नगरी पेश हुन आएको सम्पत्ति विवरण दर्ता हुने छैन ।
   (क) कर्मचारीको संकेत नम्बर नमिलेको वा उल्लेख नभएको, (ख) हालको पद र कार्यालय नखुलेको वा नमिलेको, (ग) खाम सिलबन्दी नभएको, (घ) एक भन्दा बढी कर्मचारीको सम्पत्ति विवरण एउटै खाममा राखेको तथा आर्थिक बर्ष नखुलेको (ङ) तोकिएको मिति सम्म प्राप्त हुन नआएको ।

२. तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

३. अध्ययन बिदा, असाधारण र अन्य बिदा तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम आ.व. समाप्त भएको ६० दिन भित्र अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

४. आ.व.०७६/०७७ मा सेवा निवृत्त हुने कर्मचारीले पनि अनिवार्य रुपमा सम्पत्ती विवरण बुझाउनु पर्नेछ ।

५. कुनै पनि कर्मचारीको सम्पत्ति विवरण दर्ता भए पछि निजहरुले खाममा उपलब्ध गराएको निजहरुको नेपाल टेलिकम र एनसेलको मोबाईल नं मा SMS बाट जानकारी गराईनेछ ।

६. सम्पत्ति विवरण पेश गर्नुपर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा पनि सम्पत्ति विवरण बुझ्ने प्रयोजनको लागि किताबखाना खुल्ला रहनेछ ।

७. सम्पत्ति विवरण दर्ता भए/नभएको यस विभागको website:www.dppr.gov.np मा हेर्न र प्रिन्ट गर्न सकिनेछ ।

८. सम्पत्ति विवरण फाराम यसै website बाट download गर्न सकिनेछ ।

९. सम्पत्ति विवरण दर्ता सँग सम्बन्धित कुनै समस्या भएमा यस विभागको टे.नं ०१-४४३१८२३, मो नं ९८१४३४८७६६, ९८४१२६८४७३, ९८४१८८५१७५ वा ईमेल नं hellodppr@gmail.com मा ईमेल बाट जानकारी लिन सकिन्छ ।

१०. अन्तिम समयमा सम्पत्ती विवरण बुझाउँदा भिडभाड र अति कार्य बोझको कारणले server down हुन गई ईन्ट्रिमा समस्या हुने भएकोले जति सक्दो छिटो सम्पत्ती विवरण बुझाउन अनुरोध गरिन्छ ।

११. कोभिड-१९ को कारण आवतजावत र सामाजिक दुरी जस्ता समस्याले गर्दा समयमै सम्पत्ती विवरण आई पुग्न कठिनाई हुने हुँदा ब्यक्तिको सम्पत्ति विवरण कार्यालयले नै संकलन गरी यस विभायमा म्याद भित्रै पठाईदिने ब्यवस्था गर्न अनुरोध गरिन्छ ।